# बागमती प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौंडा, नेपाल

प.सं. २०८२/०८३

च.नं. 83

मितिः- २०८२/०४/१३

विषयः- **आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय) दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र रसुवा।

श्री प्रदेश लेखा इकाई कार्यालय, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ्ग, चितवन र काठमाडौं।

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०२/०८२/८३, च.नं. ५९, मिति २०८२/०४/०८ को आर्थिक वर्ष २०८२/८३ को बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्रदेश विनियोजन ऐन, २०८२ का अतिरिक्त आर्थिक व्यवस्थापनसँग सम्बन्धित अन्य प्रचलित कानुनको अधिनमा रही प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम र प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकमको निकासा, खर्चको लेखाङ्कन र नियमित प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनु हुनेछ। यसका साथै निम्न विषयहरू मा तहाँबाट बजेट निकासा लिई खर्च लेख्ने जिल्लास्थित सबै निकायहरूलाई चालु आ.व. २०८२/८३ को प्रारम्भ देखि नै यसै मार्गदर्शन बमोजिम गर्ने/गराउने गरी व्यवस्था मिलाउनु हुन र समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को साथै प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ एवम् प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को अनिवार्य रूपमा परिपालना गर्नु/गराउनु हुन जानकारी गराउँदछु।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र एकल खाता कोष प्रणाली (TSA) बीच अन्तरआबद्धता रहेको हुँदा चालु आर्थिक वर्ष २०८२/८३ को PLMBIS मा समावेश भएको बजेट तथा कार्यक्रम सम्बन्धित मन्त्रालयबाट स्विकृत भएको PLMBIS को लक्ष्य सहितको चौमासिक विभाजन (NPC Form1) प्राप्त गरी एकल खाता कोष प्रणाली (TSA) अनुसार भुक्तानी निकासाको व्यवस्था गर्नु हुनेछ।

२. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु) र ३१५११ (भैपरी आउने-पूँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। फागुन मसान्त सम्म काम शुरु नभएका कार्यक्रमहरुको विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट सम्वत् २०८२ चैत्र १५ गतेभित्र अनिवार्य रुपमा अभ्यर्पण गर्नु पर्नेछ।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौंडा, नेपाल

प.सं. २०८२/०८३

च.नं.

मितिः- २०८२/०४/१३

३. प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५(१२) बमोजिम आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम भित्रको आयोजना/कार्यक्रम को लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न नपाईने हुँदा सो व्यवस्थालाई पालाना गर्नु गराउनु हुनेछ।

**(ख) आयोजना/कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

४. प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७(१) बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना/कार्यक्रम संघीय सरकारको कुनै निकाय वा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारले संघीय सरकारको कुनै निकाय वा स्थानीय तहबाट आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गरेमा सोही अनुसार गर्नु/गराउनु हुनेछ।

५. स्थानीय तहको पूँजीगततर्फको आयोजना/कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा उक्त स्थानीय तहले प्रदेशको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खाता (ख-२.६ समूह) मा जम्मा हुने गरी रकम निकासा गर्नुहुनेछ। यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित स्थानीय तहले नै गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (२) बमोजिम सशर्त अनुदान खर्च गर्दा नेपाल सरकारले आयोजना/कार्यक्रम कार्यान्वयनका लागि तोकेको शर्त बमोजिम कार्यान्वयन गर्नु हुनेछ र सम्बन्धित कार्यालयले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम तोकिएका शर्तको पालना गराउने र वैदेशिक सहायतामा सञ्चालित आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना/कार्यक्रम कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू समेत पालना गर्नु/गराउनु हुनेछ।

७. प्रदेशमा प्राप्त हुने सशर्त अनुदानमा वैदेशिक सहायता समावेश भएमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालयले सम्बन्धित कार्यालयबाट प्राप्त प्रतिवेदन समन्वय कार्यालयमा आवधिक रूपमा वित्तीय विवरणहरू पठाए/नपठाएको अनुगमन गर्नु हुनेछ।

**(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

८. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको भुक्तानी निकासा गर्दा नेपाल सरकारबाट प्रदेश सञ्चित कोषमा प्राप्त भए/नभएको एकिन गरेर मात्र गर्नु हुनेछ।

९. सशर्त अनुदानमा वैदेशिक श्रोत समावेश भएको कार्यक्रमको खर्च गर्दा अनिवार्य रुपमा यस कार्यालयबाट फुकुवा पत्र प्राप्त भएपछि मात्र निकासा दिने व्यवस्था गर्नु हुनेछ।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

प.सं. २०८२/०८३

च.नं. मितिः- २०८२/०४/१३

१०. वैदेशिक श्रोत समावेश भएको आयोजना/कार्यक्रम विशेषका लागि सम्झौता भई शोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजना/कार्यक्रम र नगद अनुदानको समेत प्रदेश सञ्चित कोषमा प्राप्त भए पछि मात्र निकासा दिने व्यवस्था गर्नु हुनेछ।

११. समपुरक कोष (Matching Fund) का रूपमा नेपाल सरकारको श्रोत समेत संलग्न रहेको कुनै आयोजना/कार्यक्रमको वैदेशिक ऋण तथा अनुदान सम्झौता प्रभावकारी नभएको कारणले वैदेशिक श्रोत फुकुवा नभएसम्म उक्त आयोजना/कार्यक्रमको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहने भएकोले अन्तर सरकारी वित्तीय हस्तान्तरणको रुपमा प्राप्त क्रियाकलापगत आधारमा रोक्का हुने भएको वैदशिक स्रोत समावेश भएका आयोजना/कार्यक्रममा नेपाल सरकार वा प्रदेश सरकारको लगानी (स्रोत) समपूरक कोष (Matching Fund) को रूपमा लगानी भएको हो/होइन, आयोजना/कार्यक्रमसँग सम्बन्धित मन्त्रालयबाट एकीन गरिएको पत्र प्राप्त गरी समपूरक कोष (Matching Fund)को रूपमा नेपाल सरकारको वा प्रदेश सरकारको लगानी समावेश नभएका आयोजना/कार्यक्रमको हकमा वैदशिक स्रोतको बजेट फुकुवा नभए तापनि नेपाल सरकारको श्रोतको रकम प्रदेश सञ्चित कोषमा प्राप्त भएमा वा प्रदेश सरकारको स्रोततर्फको विनियोजन भएको बजेट निकासा गर्नु/गराउनु हुनेछ।

१२. बजेटमा सोझै भुक्तानी र वस्तुगत सहायता विधि समेत समावेश भएको आयोजना/कार्यक्रम कार्यालयहरूले मासिक रूपमा सोझै भुक्तानी र वस्तुगत सहायताको विवरण CGAS मा प्रविष्टि गरी भुक्तानी आदेश प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुन र सोको अनुगमन मासिक रूपमा गर्नु हुनेछ।

१३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ बमोजिम प्रतिवद्धता रकमको एकीकृत विवरण तयार गर्नको लागि खरिद सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने समय आदि विवरणहरू CGAS मा अभिलेख राख्ने र राख्न लगाउनु हुनेछ। CGAS मा प्रतिवद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकोले खरिद सम्झौता बापतको रकम भुक्तानी/निकासा गर्दा प्रतिवद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी/निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ। विगत आर्थिक वर्षहरूमा खरिद सम्झौता भई कार्य सम्पन्न भइनसकेका खरिद सम्झौताको हकमा समेत सोही बमोजिम प्रतिवद्धताको अभिलेख राख्नुपर्ने विषयलाई अनिवार्य रूपमा कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

१४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम (६) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन बमोजिम मासिक खर्च अनुमानको विवरण CGAS

प्रदेश लेखा नियन्त्रक

मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनुहुनेछ। बजेट थप घट भएको अवस्थामा खर्च अनुमानलाई पनि समायोजन गर्नुपर्ने भएकोले सोही बमोजिम गर्नु/गराउनु हुनेछ।

१५. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

१६. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन भए/नभएको अनुगमन गर्नु हुनेछ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी/निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा क्रियाकलापमा आधारित बजेट विनियोजन भएको हुँदा क्रियाकलाप अनुसार नै निकासा र भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

१८. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु/गराउनु हुनेछ।

१९. बेरूजु फछ्र्यौट कार्यलाई प्राथमिकतामा राख्नुहुनेछ।

२०. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च गर्ने र सोही वमोजिम भए/नभएको अनुगमन गर्नु हुनेछ।

२१. मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन, फर्निचर, कम्प्युटर, ल्यापटप लगायतका सामग्रीहरू अनिवार्य रूपमा लिलाम बिक्री गर्नु गराउनु हुनेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२२. विनियोजन, कार्य सञ्चालन कोष, धरौटी तथा अन्य कोषको लेखा राख्दा CGAS, राजश्वको लेखा राख्दा RMIS तथा सम्पत्तिको लेखाङ्कन PAMS मा लेखा राख्ने र प्रतिवेदन गर्ने कार्य गर्नु/गराउनु हुनेछ।

२३. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेश लेखा नियन्त्रक

तलब, भत्ता, औषधी उपचार, र सञ्चित विदा लगायतका सबै प्रकारका भुक्तानीहरू लाभग्राहीको बैंक खातामा विद्युतीय प्रणाली मार्फत सोझै भुक्तानी गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

२४. प्रदेश विनियोजन ऐन, २०८२, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७, प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली,२०८० र सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सरकारी नीति लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालना गरी/गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

**(च) स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था**

२५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान हस्तान्तरण गर्नु हुनेछ।

२६. वित्तीय समानीकरण सशर्त, समपुरक र विशेष अनुदानको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा क्रमशः २०८२ भाद्र १५ गते, २०८२ कार्तिक १५ गते, २०८२ माघ १५ गते र २०८३ बैशाख १५ गते गरी चार किस्तामा हस्तान्तरण गर्नु हुनेछ।

२७. वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोश्रो किस्ता शुरू अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा सङ्कलनको अनुपातको आधारमा र चौथो किस्ता चैत्र मसान्तसम्मको राजस्वको लक्ष्य तथा सङ्कलन भएको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था भएकोले तेस्रो तथा चौथो किस्ताको समानिकरण अनुदान हस्तान्तरण गर्दा यस कार्यालयको अख्तियारी अनुसार मात्र गर्नु हुनेछ।

२८. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा २०८२ कार्तिक १ गते, २०८२ माघ १ गते, २०८३ वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले सो विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नु हुनेछ।

२९. स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना/कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना/कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि,

प्रदेश लेखा नियन्त्रक

# बागमती प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौंडा, नेपाल

प.सं. २०८२/०८३

च.नं.

मितिः- २०८२/०४/१३

कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्राप्त गर्नु हुनेछ।

३०. स्थानीय तहले सशर्त, समपुरक, र विशेष अनुदान वापत हस्तान्तरण भएका आयोजना/कार्यक्रम तथा कार्यक्रमको भौतिक प्रगति तथा खर्च भएको रकमको त्रैमासिक विवरण २०८२ कार्तिक १ गते, २०८२ माघ १ गते, २०८३ वैशाख १ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा बुझाउने व्यवस्था गर्नु/गराउनु हुनेछ।

३१. स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्दा खरिद कार्यको रनिङ्ग विल वा आई.पि.सी., पेश्की जमानत, कार्य स्वीकार प्रतिवेदनजस्ता कागजातका आधारमा वास्तविक खर्च एकीन गरी प्रदेश सरकारले व्यहोर्ने रकम प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि वमोजिम हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुहुनेछ।

३२. प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु/गराउनु हुनेछ। समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्सा भन्दा बढी रकम नहुने गरी हस्तान्तरणको व्यवस्था मिलाउनुहुनेछ।

३३. सशर्त, समपूरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकममा सम्बन्धित स्थानीय तहबाट SuTRA मा भएको खर्चको विवरण (बजेट उपशीर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधि) प्राप्त गरी स्थानीय तहमा जुन-जुन बजेट उपशीर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधिमा खर्च भएको छ सोही अनुसार CGAS/TSA मा कायम हुने गरी खर्च समायोजन गर्नु/गराउनु हुनेछ।

३४. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्बन्धित स्थानीय तहबाट चालु आर्थिक वर्षको आषाढ मसान्तभित्रै प्रदेश सञ्चित कोष (सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयको बजेट खर्च खाता) मा दाखिला गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

३५. बुँदा नं ३४ बमोजिम बचत रकम फिर्ता दाखिला नभएमा सम्बन्धित स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानवाट कट्टा गरी प्रदेश सञ्चित कोष (अनुदान फिर्ता) मा दाखिला गर्नुहुनेछ। वित्तीय समानीकरण अनुदानवाट कट्टा गर्न अपुग भएमा सम्बन्धित स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने राजस्व बाँडफाँट रकमबाट कट्टा गरी समायोजन गर्नका लागि यस कार्यालयमा जानकारी गराउनु हुनेछ।

३६. गत विगत आर्थिक वर्षहरूको प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने बचत रकम फिर्ता दाखिला नगरेमा बुँदा नं ३५ अनुसार फिर्ता दाखिला गर्ने व्यवस्था गर्नु हुनेछ।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मितिः- २०८२/०४/१३

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

(छ) आन्तरिक लेखापरीक्षण

३७. आन्तरिक लेखापरीक्षण योजना तयार गरी भाद्र मसान्तभित्र अनिवार्य रूपमा TSA प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा प्रविष्टि गर्नु/गराउनु हुनेछ।

३८. लेखापरीक्षण योजना अनुरूप त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरूको अनिवार्य रूपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन एकल कोष खाता प्रणाली (TSA) को आन्तरिक लेखापरीक्षण मोड्युलबाट गर्नु/गराउनु हुनेछ।

३९. आफ्नो कार्यक्षेत्रभित्रका सबै कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सो को एकीकृत वार्षिक प्रतिवेदन २०८३ भाद्र मसान्तभित्र अनिवार्यरूपमा TSA प्रणालीको लेखापरीक्षण मोड्युलमा प्रविष्टि गरी एक प्रति प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु हुनेछ।

(ज) विविध

४०. आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१, आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९, सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि,२०७९, आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९, आन्तरिक लेखापरीक्षण हाते पुस्तिका,२०७८, एकल खाता कोष प्रणाली लगायतका प्रणाली सञ्चालन निर्देशिका समेतको आधारमा कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

बोधार्थः-
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर।